बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

(स्थानीय राजपत्र)

खण्ड ४ बर्ष ४ अंक ८ मिति : कार्तिक २५ गते २०७७

**स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन, नियम, कार्यविधी, नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## भाग -२

# जस्तापाता वितरणद्वारा फुसको छाना मुक्त नगरपालिका वा सुरक्षित खरको छाना युक्त निर्माण सम्बन्धी कार्यविधि २०७७

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।०७।१९**

**प्रस्तावनाः**

आगलागी जन्य जोखिमलाई कम गरी नगरबासीलाई सुरक्षित छानायुक्त घरमा स्थानान्तरण गर्ने प्रयोजनका लागि संघीय, प्रादेशिक स्रोत वा नगरपालिकाको आफ्नै स्रोतबाट जस्तापाता खरिद गरी अबको दुई बर्ष भित्र पूर्ण फुसको छाना मुक्त वा सुरक्षित खरको छाना युक्त नगर बनाउने अभिष्टका साथ स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ बमोजिम यो कार्यविधि पारित गरी राजपत्रमा प्रकाशन भएपछि लागू भएको मानिनेछ।

**१. परिभाषाः**

क) "सुरक्षित छाना" भन्नाले फुसको छानाको सट्टामा जस्तापाता युक्त छाना बुझिने छ।

ख) ''सुरक्षित खरको छानायुक्त'' भन्नाले सुरक्षित रूपमा परम्परागत खरको छानालाई जोखिम रहित, आधुनिक रूपमा छाना निर्माण गर्ने नगरबासीलाई जस्तापाता बराबरको सहयोग विल/भरपाईका आधारमा दिने भन्ने बुझिने छ।

ग) ''फुसको छानायुक्त वा सुरक्षित खरको छानायुक्त व्यवस्थापन समिति'' भन्नाले नगरप्रमुखको संयोजत्वमा रहेको सात सदस्यीय समितिलाई बुझाउने छ।

घ) ''वडा कार्यालय'' भन्नाले नगरको वडा कार्यालय सम्झनु पर्दछ।

ङ) ''समय सीमा'' भन्नाले नगरपालिकामा विगत आ.व. मा प्राप्त भै सकेका र भविष्यमा प्राप्त हुने तथा नगरपालिकाबाट खरिद गरिने जस्तापाता वितरणका लागि प्राप्त गर्न सक्ने नगरबासीको वडा कार्यालयबाट संकलित विवरणको प्राथिमकता निर्धारण गरी तथा छुटपुट नगरबासीबाट निवेदन दिने सूचना प्रकाशन गरेको मितिले १५ दिनभित्र वडा कार्यालय माफर्त थप निवेदन समेत लिई चैत्र मसान्तसम्म घरको संरचना तयार गर्ने प्रतिवद्धता समेत निवेदन साथ राखी वडा कार्यालयमा निवेदन दिएको हुनुपर्नेछ।

च) वडा कार्यालयबाट संकलित तथा थप दर्ता भएका निवेदनहरू दर्ता समय पछि ३ दिन भित्र नगरपालिकामा पठाउनु पर्नेछ।

**२. खरिद मार्फत प्राप्त भएका र खरिद हुने जस्तापाता वितरणका लागि देहाय अनुरूप रहने गरी प्राथिमकता रहने छ।**

क) एकल महिला घरमुली रहेको र परिवारका कुनै पनि सदस्यको दिगो आम्दानीको स्रोत नरहेको।

ख) घरमा पूर्ण अपाङ्गता भएको घरमुली रहेको वा परिवारको सदस्य पूर्ण अपाङ्गता रहेको साथै परिवारका सदस्यहरूको दिगो आम्दानीको स्रोत नरहेको।

ग) दलित परिवार

घ) आर्थिक अवस्था कमजोर रहेको भनि वडा कार्यालयबाट सिफारिस भएको।

**३. देहायका व्यक्ति वा परिवारलाई जस्तापाता वितरण गरिने छैन**

क) नेपाल वा विदेशमा स्थायी रोजगारीमा परिवारको कुनै पनि सदस्य संलग्न रहेको व्यक्ति/ घरपरिवार यस कार्यक्रममा संलग्न हुन पाउने छैन।

ख) दिगो आम्दानी हुने प्रकृतिको पेशा, व्यवसायमा परिवारको सदस्य संलग्न रहेको घर परिवार यस कार्यक्रममा संलग्न हुन पाइने छैन।

ग) यस कार्यविधि पारित हुनु अघि नै पक्की / अर्धपक्की टिनको छानायुक्त घर निर्माण गरि सकेको घरपरिवार यस कार्यक्रममा संलग्न हुन पाइने छैन।

**४. पेश गर्नुपर्ने कागजात**

क) जस्तापाता प्राप्त गर्नका लागि निवेदन अनुसूची १ बमोजिम

ख) चैत्र मसान्तसम्म घर निर्माण गर्ने प्रतिबद्धता पत्र (अनुसूची २) बमोजिम

ग) नागरिकताको प्रतिलिपी

घ) एकल/अपाङ्गता सम्बन्धी कागजात

**५. वस्तुगत सहायताको प्रयोग/उपयोग सम्बन्धमा**

तोकिएको समयभित्र सुरक्षित छाना निर्माण नगरेमा वा अनुगमनका क्रममा दुरूपयोग गरेको पाइएमा (जस्तापाता दुरूपयोग गरी बेचविखन गर्ने, ट्वाइलेट, ब्राखाको खोर, ट्रष्ट बनाउने वा अन्य प्रयोजनमा प्रयोग गरेको पाइएमा अब उप्रान्त नगरपालिका तथा वडा कार्यालयबाट प्रदान हुने कार्यक्रम/वस्तुगत सहायता प्रदान गरिने छैन।

**६. नगरस्तरीय समिति सम्बन्धमा**

वडा कार्यालयहरूबाट संकलित भई नगरपालिकामा पेश भएका विवरणहरू तथा सूचना प्रकाशन भई वडा कार्यालयहरूमा दर्ता भई नगरपालिकाको कार्यालयमा संकलन भएका निवेदनहरू दफा २ र ३ अनुरूप भए/नभएको यकिन गरी वितरण प्रबन्धका लागि नगर प्रमुखको संयोजत्वमा देहाय बमोजिमको समिति रहनेछ।

संयोजकः नगरप्रमुख

सदस्यः उप-प्रमुख

सदस्यः संयोजक, सामाजिक विकास समिति

सदस्यः संयोजक, लेखा समिति

सदस्यः नगर प्रमुखले तोकेको दलित/पिछडिएको/अल्पसंख्यकको प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य मध्ये एक जना

सदस्यः जिन्सी फाँट

सदस्य - सचिवः प्रमुख प्रशासकीय अधिकृतले तोकेको पाँचौस्तरको प्राविधिक कर्मचारी

**७. स्थलगत रूपमा यकिन गरिने**

स्वीकृत भएको निवेदनका आधारमा वडा कार्यालयमा रहेका प्राविधिकहरूले सम्बन्धित घरधनीसँग निर्माण भैरहेको वा हुने क्रममा रहेको घर आगनमा नै गई कस्तो र कत्रो घर बनाउने, घरको उपयुक्त मोडेलको बारेमा समेत सुसुचित गरी आवश्यक जस्ताको यकिन गरी नगरपालिकामा प्रतिवेदन प्राप्त भएपछि नगरपालिकाको नगरस्तरीय समितिको निर्णय बमोजिम कार्यालयबाट उपलब्ध गराइने छ। यसरी प्राप्त हुने जस्ता प्रति परिवार अधिकतम ५ बन्डल भन्दा माथि हुने छैन।

८. सुरक्षित खरको छानायुक्त घर निर्माण गर्न चाहने घरधनीहरूले सुरक्षित रूपमा खरको छाना युक्त घर बनाउन चाहेमा सो व्यहोरा जनाई, उपयुक्त पराम्परागत वा आधुनिक विधि भए सो समेत खुलाई निवेदन, प्रतिवद्धता पत्र समेत साथमै राखी निवेदन पेश भए त्यस्ता निवेदनहरूलाई अधिकतम ५ बन्डल जस्तापाताको वस्तुगत सहायता भन्दा नबढ्ने गरी सो बराबरको आर्थिक वा अन्य सहायता समेत प्रदान गर्न सक्नेछ। (निवेदक अनुसूची ३ बमोजिमको हुनेछ।)

**अनुसूची- १**

श्री बुद्धभूमि नगरपलिका
....... वडा कार्यालय

विषयः जस्तापाता सहयोग पाउँ भन्ने सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा म श्री ............................................ घरमुली रहेको वडा नं. ......... को ...................... टोल/ वस्ती मा रहेको घर मेरो आर्थिक अवस्थाको कमजोरी तथा परिवारका सदस्यहरू स्थायी/दिगो स्रोत आर्जनमा संलग्न नरहेका कारणले हालसम्म पनि सुरक्षित जस्तापाता युक्त बनाउन नसकेको साथै म एकल महिला घरमुली/ पूर्ण अपाङ्गता वा परिवारको सदस्यको पूर्ण अपाङ्गता/ दलित परिवार / आर्थिक अवस्था कमजोर रहेकाले नियमानुसार सहयोगका लागि नागरिकताको प्रतिलिपी सहित यो निवेदन पेश गरेको छु।

निवेदक:
ना.प्र.नं.:
हस्ताक्षरः

आवश्यक कागजातः
१) नागरिकताको प्रतिलिपी
२) चैत्र मसान्त सम्म घर निर्माण गर्ने प्रतिवद्धता
३) एकल/ अपाङ्गता सम्बन्धी कागजात

## अनुसूची - २
## प्रतिवद्धता सम्बन्धमा

श्री बुद्धभूमि नगरपालिका
हनुमानचोक, बुडढी
कपिलवस्तु ।

प्रस्तुत सम्बन्धमा श्री ........................................ वडा नं. ............ टोल ........... मा बस्ने म घरमुली नगरपालिकाबाट प्रकाशित सुचना अनुरूप फुसको छानारहित सुरक्षित छाना कार्यक्रममा सहभागी हुन र तोकिएको समय चैत्र मसान्त सम्ममा घरनिर्माण गर्न यो प्रतिवद्धता व्यक्त गर्दछु । तोकिएको समयमा / तोकिएको शर्तमा सम्पन्न गर्न नसकेमा कार्यविधिको व्यवस्था अनुरूप भविष्यमा कार्यक्रमगत/ वस्तुगत सहायता प्रदान नभएपनि मञ्जुर रही यो प्रतिवद्धता व्यक्त गर्दछु ।

नाम, थरः
ठेगानाः
सम्पर्क नं.:
हस्ताक्षरः

## अनुसूची -३

## सुधारिएको फुसको छानायुक्त घर निर्माण सम्बन्धमा

श्री बुद्धभूमि नगरपालिका
हनुमानचोक, बुड्ढी,
कपिलवस्तु ।

प्रस्तुत सम्बन्धमा श्री ........................................ वडा नं. ............ टोल ........... मा बस्ने म घरमुली नगरपालिकाबाट प्रकाशित सुचना अनुरूप फुसको छानारहित सुरक्षित छाना कार्यक्रममा सहभागी हुन र तोकिएको समय चैत्र मसान्त सम्ममा घरनिर्माण गर्न यो प्रतिवद्धता व्यक्त गर्दछु । तोकिएको समयमा / तोकिएको शर्तमा सम्पन्न गर्न नसकेमा कार्यविधिको व्यवस्था अनुरूप भविष्यमा कार्यक्रमगत/ वस्तुगत सहायता प्रदान नभएपनि मञ्जुर रही यो प्रतिवद्धता व्यक्त गर्दछु ।

नाम, थरः
ठेगानाः
सम्पर्क नं.:
हस्ताक्षरः

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत